*विपद् व्यवस्थापन :पूर्व तयारी तालिम तथा अभ्यास*

# जानकारी पुस्तिका




**इन्हुरेड इन्टरनेशनल**

पो. व. नं. १२६८४, काठमाडौं

एकान्तकुनारोड, भनीमण्डल, ललितपुर–४ नेपाल

फोन : ५५२००५४, फ्याक्स : ५५२००४२

इमेल : info@inhuredinternational.org www.inhuredinternational.org

# पुस्तिकाभित्र

- विपद्को परिभाषा
- विपद्का प्रकार
- भूकम्प
- बाढी पहिरो
- आगलागी
- सडक दुर्घटना
- महामारी
- हिमताल विष्फोटन
- सर्पको टोकाई
- चट्याङ्ग
- केही झलकहरु
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- प्राकृतिक प्रकोप ऐन, २०३९
- सम्वैधानिक एवं कानुनी व्यवस्था
- विभिन्न समयमा गरिएका उद्धार कार्यहरु

# प्रकोप व्यवस्थापनको सन्दर्भमा...

प्राकृतिक प्रकोपको चरम जोखिमतामा रहेका विश्वका धेरै मुलुकमध्ये नेपाल पनि एक हो । नेपालको भौगोलिक विविधताका कारण जोखिमहरु विविध खालका छन् । भूकम्प, बाढी/पहिरो, आगलागी, महामारी रोग लगायतका विपद्बाट मुलुक उच्च जोखिममा छ । तराईको समतल भू-भागमा बाढी, आगलागी, शितलहर, महामारी जस्ता जोखिमहरु छन् भने पहाडी भू-भागमा बाढी/पहिरो, नदी कटान जस्ता जोखिमहरु छन् । यसैगरी, उच्च हिमाली भू-भागमा हिमताल फुट्ने, हिम पहिरोजस्ता विपद्को जोखिमहरु छन् । भूकम्प, आगलागी र महामारी रोग, सवारी दुर्घटना भने सबै क्षेत्रहरुमा हुने सम्भावना रहिरहन्छ ।

नेपालको प्रायः सबै भू–भाग भूकम्प जाने सम्भावित क्षेत्रभित्र पर्दछन । हिमालय क्षेत्रको दक्षिणी मोहडामा अवस्थित नेपालको भू-भाग कमजोर रहेको र जनसंख्या वृद्धिका कारण वनविनाश र केही वर्षयता मनसुनी वर्षाको कारण बाढी तथा पहिरोको जोखिम वृद्धि हुँदै गएको छ । यसका अलावा नेपालमा आँधीवेरी, असिना, चट्याङ्ग, शितलहर आदि जस्ता विपद्का घटनाहरुले पनि ठूलो जनधनको क्षति गर्दै आइरहेको छ । मुलुकको भौगौलिक विकटता, यातायातको असुविधा र प्रतिकुल मौसमका कारण घटनास्थलमा उद्धारकर्मी तथा राहत सामग्री तत्काल उपलब्ध गराउन नसकिने हुँदा प्रभावितहरु अझ बढी जोखिममा रहदै आएका छन् ।

## प्रभावकारिता

विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरणलाई योजनाबद्ध ढङ्गले समूदायमा संचालन गर्न सकिएको खण्डमा र सरोकारवालाहरुलाई सशक्तिकरण गर्दै लान सकिएको अवस्थामा अकस्मात हुने जनधनको क्षति कम तथा सम्भावित जोखिमलाई न्यूनीकरण गर्न सकिन्छ भन्ने विगतको अनुभवहरुलाई समेत आधार बनाउन सकिन्छ । विगतको अनुभवले के प्रमाणित गरेको छ भने आपतकालमा गरिने प्रभावकारी मानवीय कार्यमा संलग्न निकायहरुको पूर्वतयारीको अवस्था र उनीहरुको क्षमता तथा सबै तहमा उपलब्ध स्रोत-साधनले ठूलो प्रभाव पर्दछ । साथै प्राकृतिक तथा मानव सिर्जित जुनसुकै खालका विपद्का घटनाबाट हुन सक्ने जीउ/धन तथा सम्पत्तिको क्षतिलाई न्यून गर्नका लागि नेपालले पनि आपतकालीन पूर्वतयारीलाई मजबुत बनाउन जरुरी छ । आपत्कालीन तथा पिवद् पूर्वतयारी विपद् जोखिम न्यूनीकरणको एउटा महत्वपूर्ण पक्ष हो । यसले विपद्को सामाना गर्ने क्षमतालाई बृद्धि गर्ने र समुदायहरुलाई समस्या सामना गर्न सक्ने उर्जा पर्दा गर्दछ ।

विगतमा जुन खालको जनधनको क्षति भयो त्यसको प्रमुख कारण पूर्वतयारीको अभाव तथा उपलब्ध स्रोत र साधनको समेत उचित परिचालन हुन नसक्नु नै थियो । तसर्थ, जनधनको क्षति न्यूनीकरण तथा थुप्रै धनराशी खर्चिएर निर्माण गरिएका विकासका संरचनाको सुरक्षाका साथै विकासको प्रतिफललाई दीगो राख्न विपत पूर्वतयारी योजना बनाई कार्यान्वयन गर्न सकिएको खण्डमा समेत जुन खालको मानवीय तथा भौतिक क्षति भइरहेको छ त्यसलाई कम गर्न सकिन्छ । विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण केवल राहत र उद्धारमा मात्र सीमित हुने विषय नभई आधारभूत मानव अधिकार, मानवनीय कानुन, विकास निर्माण, सामाजिक, आर्थिक, सांस्कृतिक लगायतका हरेक विषयहरुसँग यसको प्रत्यक्ष सम्बन्ध रहन्छ ।

यो कार्यक्रमका संचालनको गर्नुको प्रमुख कारण नै समूदायलाई यस्ता विभिन्न खालका प्राकृतिक तथा मानव निर्मित प्रकोपका कारणबाट उत्पन्न हुन जोखिमहरुलाई हदैसम्म कम गर्न के गर्न सकिन्छ, समूदायको भूमिका के रहन सक्छ तथा के गर्न सकिन्छ भन्ने विषयमा भएका स्रोत र साधनको पहिचान, परिचालन र संरक्षण, दक्ष जनशक्तिको उत्पादनका बारेमा सम्बन्धित निकाय ध्यान जान जरुरी भइसकेको छ ।

## उद्देश्य

प्राकृतिक तथा मानव निर्मित प्रकोप, यसबाट हुन सक्ने सम्भावित जोखिमहरु, बढी जोखिमयुक्त स्थानहरु, जोखिम न्यूनीकरणका लागि आवश्यक पूर्वतयारी, लगायत निम्न लिखित उद्देश्य प्राप्तिका निम्त यो कार्यक्रम संचालन गरिएको छ :

- सम्बन्धित सरोकारवालाहरुबीच समन्वय, संचार र सहकार्यको अवस्था कस्तो छ, संचार, सहकार्य र समन्वयलाई प्रभावकारी बनाउन के-के गर्नुपर्छ, विगतबाट सिकाई के भयो लगायत विविध विषयमा छलफल गरी विगतमा भएका कमीकमजोरी भविष्यमा नदोहोऱ्याउन के गर्नुपर्छ जस्ता गहन विषय छलफल गर्ने ।
- विगतका अनुभवहरुलाई एक आपसमा साटासाट गरी सफल अभ्यासहरुलाई व्यवहारत लागू गर्न सम्बन्धित पक्ष आग्रह गर्ने गरी एक जिल्लामा भएका यस्ता अभ्यासहरुलाई अर्को जिल्लामा प्रस्तुत गरी जोखिम न्यूनीकरण सहयोग पुऱ्याउन सशक्तिकरण गर्दै लैजाने ।
- विषय विज्ञबाट प्रकोपबाट उत्पन्न हुने जोखिमहरुबाट बच्ने उपायहरुका बारेमा प्रशिक्षण गराउने ।
- स्थानीय स्तरमा प्राप्त हुने स्रोत साधनको परिचालनको अवस्था र दक्ष जनशक्तिको अवस्था पत्ता लगाई यस्ता सम्भावित स्रोत र साधन तथा जनशक्तिको समुचित परिचालन र संरक्षणको लागि आवश्यक पहल तथा वकालत गर्ने ।
- विपद् जोखिम विश्लेषण, पूर्व चेतावनी प्रणाली, खोज तथा उद्धार व्यवस्था, सेल्टर वा क्याम्प (शिविर) व्यवस्थापन प्रणाली, खाद्य सामग्री र गैर-खाद्य सामग्रीको भण्डारण अवस्था लगायत् अन्य महत्वपूर्ण विषयमा सम्बन्धित सरोकारवालाहरुसँग समन्वय र सहकार्य कसरी गर्न सकिन्छ भन्ने विषयमा छलफल गर्ने र उचित व्यवस्था मिलाउन आवश्यक पहलका लागि स्थानीय स्तरमा दक्ष जनशक्ति उत्पादन गर्दै लैजाने ।
- सम्बन्धित सरोकारवाला सरकारी तथा गैर-सरकारी संघ संस्थाहरुसँग साझा सञ्जालको निर्माण गर्ने ।

## *परिच्छेद १*
# विपद् र यसका प्रकार

## परिभाषा

सरल भाषामा भन्नुपर्दा सामान्य अवस्थामा भएको मानवीय जीवनलाई आकस्मिक कुनै घटना घटी जनजीवन असामान्य अवस्थामा आउँछ भने त्यसलाई विपद् वा प्रकोप भनिन्छ ।

विपद् भनेको मानव वा प्रकृति सृजित, अचानक हुने घटना हो जसले व्यापकरूपमा मानवीय, आर्थिक, तथा वातावरणीय क्षति पुऱ्याउछ र प्रभावित पीडितले आफूसगैं उपलब्ध स्रोतहरूको उपयोग गरेर समेत परिस्थितिको सामना गर्न अक्षम हुन्छन् । विपद्को समयमा मानिसहरूले धेरै कठिनाइहरूको सामना गर्नुपर्दछ । तसर्थ, यस्तो समयमा मानिसहरूलाइ सुरक्षा, खाना, लत्ता कपडा, बास, औषधि जस्ता आधारभुत आवश्यकताहरू उपलब्ध गराउनु आवश्यक हुन्छ ।

प्रकोप उद्धार ऐन, २०३९ अनुसार दैवी प्रकोप भन्नाले भूकम्प आगोलागी, आँधीवेरी, बाढी पहिरो, अतिवृष्टी, अनिकाल, महामारी तथा अन्य प्राकृतिक प्रकोपलाई सम्झनु पर्दछ । र सो शब्दले औद्योगिक दुर्घटना, विष्फोट वा विषाक्त पदार्थद्धारा हुने दुर्घटना तथा त्यस्ता कुनै पनि प्रकारका प्रकोपलाई समेत जनाउँछ ।

विपद् व्यवस्थापन ऐनको दफा २ (ठ) अनुसार "विपद् भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जनाभई जन वा धनको क्षतीको साथै जीवनयापन र वातावरण प्रलिकुल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।"

## विपद्का प्रकारहरु

(१) **प्राकृतिक** : प्राकृतिक कारणले उत्पन्न हुने आपतकालीन परिस्थिति जस्तै :

- बाढीरपहिरो
- भूकम्प
- ज्वालामुखी
- सुनामी
- महा-भूमरी
- हिमरपहिरो, हिमताल विष्फोट
- खडेरी
- हुरीबतास
- आगलागी
- चट्याङ
- अतिवृष्टि, अनावृष्टि
- शीतलहर

(२) **मानव सिर्जित विपद्** : मान्छेले गरेको कामको कारणबाट उत्पन्न हुने आपतकालीन परिस्थिति जस्तै :

- आम हड्ताल, हुलदंगा
- आतंकवाद
- सामाजिक द्वन्द्वरयुद्ध
- विष्फोटन
- आगजनी
- सडक दुर्घटनारहवाई दुर्घटना
- आणविक एवं औद्योगिक दुर्घटना
- महामारी
- जलवायु परिवर्तनका नकारात्मक असर

## नेपालमा हुने सम्भावित विपद्हरू

नेपालको भूगोल तराई, पहाड र हिमालमा बिभाजित छ । फरक भूगोलका कारण यहाँ आइपर्ने विपद् पनि फरक किसिमका छन् ।

| पहाड तथा हिमालमा हुन सक्ने विपद्हरू | तराईमा हुन सक्ने विपद्हरू |
|---|---|
| • भूकम्प | • आगलागी |
| • बाढी /पहिरो | • बाढी/डुबान |
| • हिमताल विष्फोटन | • शीतलहर र लु |
| • आगलागी | • खडेरी/अतिवृष्टि |
| • हिमपात | • भूकम्प |
| • खडेरी | • हावाहुरी |
| • असिना पानी | • भोकमरी |
| • चट्याङ्ग | • सर्पको टोकाई |
| • सडक दुर्घटना | • महामारी |
| • भोकमरी | • सडक दुर्घटना |
| • महामारी | • चट्याङ्ग |

## विपद्का प्रभावहरु


- साधारण जीवनलाई भङ्ग गर्नु ।
- मानवीय असर पार्नु ।
- सामाजिक संरचनामा क्षति पार्नु ।
- वातावरणीय क्षति हुनु ।
- समाजीक दाइत्व बढ्नु ।
- राष्ट्रिय सम्पदामा क्षति ।
- राष्ट्रिय अर्थतन्त्रमा क्षति ।
- बसाइँ सराइँ ।
- उत्पाद प्रणालीमा ह्रास ।

## विपद् व्यवस्थापन

- विपद्का कारण उत्पन्न हुन सक्ने क्षति न्यूनीकरणका लागि गरिने व्यवस्थालाई सामान्य भाषामा विपद् व्यवस्थापन भनिन्छ ।
- व्यवस्थापनको अर्थ कुनै पनि कार्यले लिएको लक्ष्य हासिल गरिने प्रभावकारी व्यवस्था हो ।
- विपद् ब्यवस्थापन एक व्यवहारिक विज्ञान हो ।
- जबसम्म विपद् व्यवस्थापनको लागि मानिसहरु एक आपसमा जुट्दैनन्, आफै स्वतहःस्फुर्त विपद् व्यवस्थापनको लागि कार्य गर्दैनन् तबसम्म सिद्धान्त र भाषणले मात्र विपद् व्यवस्थापन गर्न सम्भव हुँदैन ।

## विपद् व्यवस्थापन चक्र

विपद् प्रकोप व्यवस्थापन यस्तो विषय हो, जसले कुनै पनि प्रकोप हुनुभन्दा पहिले प्रकोपको रोकथाम, प्रकोपको प्रभाव घटाउने उपाय, पूर्व तयारी लगायत प्रकोपपश्चात् प्रतिक्रिया, पुनः प्राप्ति साथै विकास आदि सम्पूर्ण कार्यहरु समेटिएको हुन्छ ।




## विपद रोकथामको पूर्वतयारी

- भूकम्प प्रतिरोधात्मक घर बनाउने ।
- नदी किनारमा बाढी रोकथामका लागि सुरक्षापर्खालहरु लगाउने ।
- नदी, खोला, बाँधको किनारमा घर तथा अन्य मानव बस्तीको बिकास नगर्ने ।
- हावाहुरीको मौसममा बिजुलीको खम्बा तथा अग्ला रूखहरुको तल नबस्ने ।
- आगलागीबाट जोगिन ज्वलनशील पदार्थहरुलाई तातो ठाउँबाट पर राख्ने ।
- औषधि तथा प्रथामिक उपचारका सामानहरु घरमा सधैं राख्ने ।
- भिरालो जग्गामा बाँस जस्ता सजिलै उपलब्ध सामग्री प्रयोग गरी पर्खाल बनाउने ।
- भिरालो जग्गामा पानीको वहावलाई रोक्न तेर्सो कुलेसो बनाउने ।
- वनविनास बाढी, पहिरो लगायत अन्य धेरै प्रकारको विपदको कारण भएकाले वृषारोपण गर्नुपर्छ । वृषारोपणले पहिरोबाट सुरक्षा मात्र नभई अन्य वातावरणीय फाइदा हुने भएकाले वृषारोपणको महत्व बुझेर वनविनासको रोकथाम गर्नु पर्दछ ।
- विपद् व्यवस्थापनसम्बन्धी तालिम लिई समूदायलाई शसक्तिकरण गर्दै लैजाने ।
- आफूले जानको ज्ञान र सीप अरुलाई पनि सिकाउने ।
- आपत्कालीन सर्म्पक नम्वहरु कण्ठ गर्ने वा मोवाइलमा सेभ गरिराख्ने ।

# *पाठ-१*
# भूकम्प

अचानक पृथ्वि हल्लीने प्रकृयालाई भूकम्प भनिन्छ । पृथ्वीको सतह करिब दश वटा प्लेटोहरुमा विभाजित छ । यी प्लेटहरू एक ठाऊबाट अर्को ठाऊमा निरन्तर घुमी रहन्छन र घुम्ने कममा कहिलेकाहिं अकस्मात एक आपसमा ठक्कर खान्छन् । यही ठक्करको कारण पृथ्वीको सतहमा अकस्मात हलचल पैदा हुन्छ जस्ले गर्दा बाढी, पहिरो, आगलागी, ज्वालामुखी विष्फोट, भौतिक संरचनाको क्षती, मानवीय क्षती जस्ता विपद्हरूलाई पनि निम्त्याउँछ ।

## किन नेपाल प्रभावित छ ?

नेपाल भारतीय भूखण्ड र दक्षिण तिब्बतीय भूखण्डको सीमानामा अवस्थित छ । करिव साढे चार करोड वर्ष पहिले भारतीय भूखण्ड दक्षिणी तिब्बतीय भूखण्डसंग ठोक्किन पुग्यो । त्यसपछि दक्षिणतिरबाट भारतीय भूखण्ड प्रति सय वर्षमा २ मी. मी. का दरले उत्तरतिरको तिब्बतीय भूखण्ड भित्र घुस्ने क्रम जारी रहदा सतहमा अवस्थित हल्का वस्तुहरु तथा चट्टान माथि उठ्ने तथा यी चटानहरु एक आपसमा ठोकिने सम्भावना धेरै भएकाले नेपाल भूकम्पीय दृष्टिले खति नै सम्वेदनशील मुलुकको कोटीमा पर्दछ ।

## नेपालमा भूकम्पको ईतिहास

विश्वका अन्य देशमा जस्तै विगतका कैंयौ शताब्दीदेखि समय समयमा नेपाल पनि ठूला-ठूला भूकम्पहरुबाट प्रभावित हुने गरेको पाईन्छ । जसको कारण असंख्य जनधनको क्षति भएको पाईन्छ । नेपालमा गएका भूकम्पहरु मध्ये अभिलेख राखिएका सबैभन्दा पुरानो भूकम्प वि.सं. १३१० मा गएको भूकम्प मानिएको छ । यस अघिका भूकम्पको अभिलेख राखिएको पाईएको छैन ।

- भूईंचालो जुनसुकै बेला पनि जान सक्दछ र तपाई त्यति बेला कहीँ पनि हुन सक्नुहुन्छ ।
- अहिल्यै पनि जान सक्दछ
- यस्तो बेलामा तपाई के गर्नुहुन्छ ?
- भुईंचालोको क्षतिबाट बच्न तपाइले के गर्नुपर्छ ?

# भूकम्पको जोखिमबाट बच्न गर्नुपर्ने पूर्व-तयारी

## भूकम्प जानुभन्दा अधि के गर्ने ?

भूकम्प जानु पूर्व भूकम्प जाँदाको लागि खाना तथा अन्य सामान जम्मा (स्टोर) गरी राख्नुपर्दछ र त्यस्तो सामान प्रत्येक छ/छ महिनामा बदल्नुपर्दछ । विशेषगरी भूकम्पको तयारीको लागि निम्न सामान तथा उपकरणहरु अनिवार्य तयारी अवस्थामा राख्नुपर्दछ :

- अग्नि नियन्त्रक मेशिसन राख्ने
- औषधि तथा प्रथामिक उपचारका सामानहरु राख्ने
- विद्युतीय उपकरण बन्द गर्ने
- कम्तिमा तीन दिनको लागि खानेपानी राख्ने
- चाँडै नसड्ने खाना : जस्तै ड्राइ फुडहरु आदि पर्याप्त मात्रामा राख्ने
- खाना पकाउने साधन, इन्धन बच्चाबाट सुरक्षित स्थानमा राख्ने
- आवश्यक लत्ताकपडाको व्यवस्था गरिरहने
- सरसफाईका सामानहरु जस्तैः साबुन, ट्वाइलेट पेपर, आदिको व्यवस्था गर्ने
- आफ्नो घरलाई समय(समयमा मर्मत् गरी सुरक्षित बनाइ राख्ने
- गह्रौ, ठूलो तथा चाँडै भत्किन सक्ने सामानहरुलाई भुई तलामा राख्ने
- बार्दली तथा माथिल्लो तलामा फुलका गमलाहरु नझुन्ड्याउने
- फोटो, ऐना, आदि बेडभन्दा अन्यत्रै राख्ने
- विद्युत लाइन तथा ग्याँस पाइप समयमै मर्मत गर्ने
- ठूला र अग्ला फर्निचरहरु भित्तामा नढल्ने गरी बाध्ने
- गुड्ने वा चिप्लिने फर्निचरहरुलाई हलचल नगर्ने गरी राख्ने
- सिलिङ्ग फ्यान तथा चिमहरुलाई राम्रोसँग बाँध्ने
- ज्वलनशील पदार्थहरुलाई तातो ठाउँबाट पर राख्ने ।

## भूकम्प गइरहेको बेलामा के गर्ने ?

- भूकम्प गइरहेको अवस्थामा सम्भव भएसम्म सुरक्षित भएर बस्ने
- सानो धक्का आइसकेपछि केही समयमै ठूला धक्का आउन सक्ने हुनाले सावधानी अवस्थामा रहने र परिवारलाई पनि सोही निर्देशन दिर्ने ।
- धेरै पर भाग्नुभन्दा पनि एक दुई पाईलामै पुग्न सक्ने सुरक्षित स्थानमा गई बस्ने
- भूकम्पको हल्लाई नरोकुन्जेलसम्म घरभित्रै बस्ने र सुरक्षित अवस्था एकिन भएपछि मात्र घर वाहिर निस्कने

## घरभित्र भएको अवस्थामा के गर्ने ?

- भूइमा घोप्टो भएर बस्ने, सम्भव भए टेबुल, पलङ्गको मुनि बस्ने
- कुनै दरो चिजलाई समातेर भूकम्पको धक्का नरोकुन्जेल नआत्तिकन बस्ने
- आफ्नो आसपासमा टेबुल, डेक्स वा पलङ्ग नभएको अवस्थामा आफ्नो टाउँको र मुखलाई आफ्नो हातले ढाकेर भवनको कुनै कुनामा गएर खुम्चिएर बस्ने
- सिसा, झ्याल, बाहिरी ढोका अथवा गारोहरु (वाल) या कुनै खस्न र फुट्न सक्ने बत्ती ल्याम्प फर्निचर आदिबाट टाढा रहने
- भूकम्प आएको अवस्थामा खाटमा सुतिरहनु भएको छ भने खाटमाथि नै बस्ने र नजिकै कुनै खस्न सक्ने गऱ्हौ मालसामानहरु छैन भने आफ्नो टाउकोलाई तकियाले ढाकेर कुनै एक कुनामा अडिग भएर बस्ने ।
- पलङ्ग नजिकै खस्न सक्ने गऱ्हौं चिज भएको अवस्थामा खाटलाई छोडेर नजिकको सुरक्षित स्थानमा गएर बस्ने
- काठको ढोकाहरु बलियोसँग बनाइएको छ भने मात्रै त्यसको मुनी गएर बस्ने अन्यथा अर्कै सुरक्षित स्थानमा जाने ।
- भूकम्पको हल्लाई नरोकुन्जलेसम्म घरभित्र नै बस्ने र भूकम्प रोकिइसकेपछि मात्रै सुरक्षित खुला स्थानमा निस्कने
- भूकम्प आइरहेको बेलामा यताउती दौड्ने र बाहिर निस्कन खोज्ने जस्ता कुनै पनि कार्यहरु नगर्ने
- भूकम्प आएको समयमा अचानक बत्तिको लाइन जान सक्ने हुनाले विशेष सावधानी अपनाउने
- भूकम्प गइरहेको बेला लिफ्टको प्रयोग नगर्ने ।

## आफु घर बाहिर हुँदा के गर्ने ?

- खुल्ला ठाउमा बस्ने
- भवन, विजुलीको लाइन, रुख आदि भन्दा टाढा बस्ने (किनकि तिनिहरु भूकम्पका कारण ढल्न सक्छन)
- भूकम्पको अवस्थामा साँघुरो गल्लीबाट नहिड्ने
- शहरमा भए सुरक्षित र सकेसम्म खुल्ला ठाउ खोज्ने

## चलिरहेका गाडीमा भएको अवस्थामा के गर्ने ?

- सम्भव भएसम्म चाँडै सुरक्षित स्थानमा गाडीलाई रोक्ने वा गाडी भित्रै बसिरहने
- अग्ला भवनहरुको नजिक वा मुनि, अग्ला रुखहरु, आकासे पुल र विजुलीका तारहरु नजिक गाडिलाई सकेसम्म नरोक्ने
- भूकम्प रोकिसकेपछि सावधानी पूर्व गाडीलाई अगाडि चलाउने
- भूकम्पबाट क्षति ग्रस्त हुन सक्ने अथवा क्षति भइसकेका सडक, पुल, ऱ्याम्प आदिमा गाडि नचलाउने

## भूकम्प गईसकेपछि

- पराकम्प आउन सक्छ, त्यसका लागि चनाखो रहने ।
- यदि घर भित्र हुनुहुन्छ भने
    - विद्युतिय सामग्री बन्द गर्नुहोस ।
    - आगो बलिरहेकोछ भने त्यसलाई छिटो-छिटो निभाउनुहोस ।
    - पानीका धाराहरु बन्द गर्नुहोस र सुरक्षित स्थानमा जानुहोस

## आपत्कालीन सामग्रीको (झटपट) झोला

- कुनैपनि विपद्पछि नभई नहुने आधारभूत वस्तुहरु राखिएको झोला तयार पारी सुरक्षित र सजिलै भेट्न सकिने स्थानमा राख्नुहोस् ।

## झट्पट् झोलामा राख्न सकिने सामग्रीहरु

- पिउने पानी तथा सुख्खा खानेकुरा
- सरसफाईका सामानहरु
- प्राथमिक उपचार सामाग्री
- दीर्घ रोगीहरुका लागि आवश्यक औषधिहरु
- केही पैसा
- महत्वपूर्ण कागजातहरु
- सामान्य औजारहरु
- हाते रेडियो, टर्चलाईट, सलाई, लाईटर, सिठ्ठी आदी
- एक जोडी मौसम अनुसारको कपडा
- डोरी
- आवश्यक पर्ने महत्वपूण नम्बरहरु

## तपाईले के गर्ने ?

- सक्ने अवस्था भएमात्र घाइते तथा च्यापिएका, पुरिएका व्यक्तिहरुलाई मद्दत गर्नुहोस् ।
- तालीम लिनु भएको छ भने मात्र घाईतेहरुलाई प्राथमिक उपचार गर्नुहोस् ।
- घाइतेहरुको खोजी तथा उद्धार कार्य गर्दै हुनुहुन्छ भने आफ्नो सुरक्षामा पनि ध्यान दिनुहोस् ।
- सिकिस्त घाइतेलाई अस्पताल लग्नु अघि प्राथमिक उपचार दिने बाहेक धेरै नचलाउनुहोस् ।
- घाइतेहरु अझै खतरामा भए मात्र तिनीहरुलाई त्यहाँबाट अन्यत्रै लैजानुहोस् ।
- नजिकको सुरक्षा निकायमा खबर गर्नुहोस ।

## गर्न नहुने

- आत्तिने र अरुलाई पनि अत्याउने ।
- लहैलहैमा लागेर हल्ला फैलाउने ।
- असहयोगी व्यवहार ।

# पाठ-२
# बाढी तथा पहिरो

## बाढी

नदी-नाला, खोल्सा-खोल्सीहरूमा साविकको भन्दा पानीको मात्रा बढी हुनुका साथै पानी नभई सुख्खा हुने खहरेहरूमा समेत पानीको बहाब तिब्र हुनुलाई नै बाढी भनिन्छ । बाढी एक जल उत्पन्न प्रकोप हो । जल उत्पन्न प्रकोप भन्नाले वर्षातको पानी वा अन्य अवस्थाको जलको माध्यमबाट भूवनोटमा परिवर्तन भई मानविय तथा भौतिक क्षति हुने प्राकृतिक प्रकोप हो । बाढी र पहिरोले जन-धन, अन्नबाली, जमिन, पशुपंक्षी, मठ-मन्दिर, बाटो-घाटो,, पुल, पाटी-पौवा, सार्वजनिक बहुमूल्य सम्पदा, वातावरण, प्रदुषण साथै दीर्घकालीन रूपमा व्यक्तिहरूको मानसिक असन्तुलन समेत बनाउन सक्छ ।

सामान्यतया भन्दा बढी अभिरल मुसलधारे पानी पर्न गई जनजिवनलाई कष्टकार बनाउने जीवन अस्थव्यस्थ बनाउने कार्यलाई बाढी भनिन्छ । बाढीका प्रमुख कारणहरू अनियन्त्रित वन विनास र अविरल वर्षा हो । त्यसैले बाढीलाई नियन्त्रण गर्न बृक्षारोपण निकै उपयुक्त माध्यम हो ।

## वाढीको प्रभावहरु

- बाढीको कुनै बेला जनाउ प्राप्त गर्न सकिन्छ भने कुनै वेला जनाउ प्राप्त गर्न सकिदैन ।
- बाढीको गती बिस्तारै वा एक्कासी बढ्न सक्छ ।
- बाढी बर्षाको मौसममा आउने गर्छ ।
- मुसलधारे पानीका कारण बाढी आउने गदर्छ ।

## बाढीका प्रमुख कारणहरु :

- अनियन्त्रित जंगल फडानी
- धेरै पानी पर्नु
- भिरालो जमिनमा खेती गर्नु,
- जथाभावी सडक निर्माण
- भौगोलिक अवस्था
- नदि किनारको बसोबास

## नियन्त्रणका उपायहरू

- बृक्षारोपण
- तटबन्ध निमाण
- वातावरणमैत्री व्यवहार

# पहिरो

वनजंगल ,खेतवारी, भिर आदि छेउको भिरालो जमिन चर्किएर फुटेर वा धसिएर अस्थिर भई माटो, ढुङ्गा, चट्टान सहित वनस्पती ,मानव निर्मित भौतिक संरचना स्पष्ट देखिनेगरी खस्ने अथवा बग्ने प्रकियालाई पहिरो भनिन्छ । पहिरोको मुख्य कारण वन विनास हो । तसर्थ भिरालो वा बाढी पहिरो जाने संभावित भू-भागमा बनस्पतिको संरक्षण तथा बृक्षारोपण गरि नियन्त्रण गर्नु पर्छ ।

## पहिरो जाने कारणहरु

**प्राकृतिक कारण**

- हावापानी
- भूकम्प
- भू-क्षय

**मानविय कारण**

- भूमिको कटान
- वन विनास

## बाढी तथा पहिरो नियन्त्रणका उपायहरु

**फेदी पर्खाल** : कुनै पनि जोखिमयुक्त जमिन वा भिरालो जमिनमा जमिनको तल्लो सतहबाट ग्याविनमा ढुंगा भरि लगाईएको पर्खाललाई फेदि पर्खाल भनिन्छ ।

**खाडल पुर्ने :** संभावित खाडलमा पानि जमेर खाडल फुटि बाढि वा पहिरो जान सक्ने हुनाले त्यस्तो खाडललाई माटो, ढुंगा वा अन्य वस्तुको सहायताले पुर्नुलाई खाडल पुर्ने विधी भनिन्छ ।

**टेवा पर्खाल :** पहिरो वा वाढीले खस्न लागेको भू-भाग वा चट्टानलाई ढुंगा, काठ, सिमेन्ट आदीको सहायताले अड्याउने गरि बनाईएको पर्खाललाई टेवा पर्खाल भनिन्छ ।

**मान्द्रे पर्खाल :** बाढी वा फहिरो रोक्नलाई बाँसबाट बनाईएको पर्खाललाई मान्द्रे पर्खाल भनिन्छ ।

**ढुङ्गा छाप्ने :** संभावित जोखिम युक्त भू-भागमा विभिन्न वस्तुको सहायताले ढुंगा विच्छ्याउने तरिकालाई ढुंगा छाप्ने विधी भनिन्छ ।

**नियन्त्रण बाँधहरु :** नदि वा खोलाको वहावलाई रोक्नको लागी ग्याविन जालिमा ढुंगा भरि नदिमा बनाईएको बाँधहरुलाई नियन्त्रण बाँध भनिन्छ ।

**जुटको जाली :** माटो बग्न रोक्नको लागी जुटको जालीमा माटो भरि बनाईएको बाँध वा सतहलाई जुटको जाली विधी भन्ने बुझिन्छ ।

**सतह ढाक्ने :** पहिरो गहिरहेको भू-भाग लाई प्लाष्टि, जस्ता आदिको मद्धतले जमिनको सतह ढाकी पानिलाई निश्चित दिशामा पठाउने तरिकालाई सतह ढाक्ने बिधी भनिन्छ ।

**नालि निर्माण :** पानि नियन्त्रणको लागी नाला वा कुलो खनेर नाली निर्माण गरि पानिलाई निश्चित ठाउँमा पठाउने तरिकालाई नालि निर्माण विधी भनिन्छ ।


**वनस्पती संरचना :** भिरालो वा बाढी पहिरो जाने संभावित भू-भागमा बनस्पतिको संरक्षण तथा बृक्षारोपण गरि नियन्त्रण गर्ने विधीलाई बनस्पति संरचना भनिन्छ ।

# पाठ-३
# आगलागी

प्रकोप अन्तर्गत आगलागी अत्यन्तै संवेदनशील प्रकोपको रुपमा लिईन्छ । सामान्यतया मानिसको लापरवाहीबाट बढी मात्रामा आगलागीका घटनाहरु हाम्रो समाजमा घटेको पाईन्छ । विशेष गरेर हावा हुरी बढी चल्ने मौसममा आगलागीले बर्षेनी लाखौ धनजनको क्षती पुऱ्याएको कयौं उदाहरणहरु रहेका छन् ।

आगलागिको जोखिम विषेश गरी हुरी धेरै चल्नेमा मौसममा बढी हुन्छ । तर, सामान्यतया आगलागिको घटना मानीसको लापरवाहीबाट नै भएको देखीन्छ । विषेश गरी तराईमा परालको छाप्रो भएका सगैं टाँसिएका घरहरू भएको कारण आगलागरकिो खतरा पनि र घटनाहरू पनि तराईको नै धेरै सुनिन्छ ।

## आगलागीका तत्व




## आगजनी हुन सक्ने

वर्ग (क) : ठोस पदार्थमा
वर्ग (ख) : रसायनिक (तरल)
वर्ग (ग) : ग्याँस
वर्ग (घ) : फलाम जन्य
वर्ग (ङ) : विद्युतीय जडान

## आगोको वर्गीकरण र नियन्त्रणका उपायहरु

**वर्ग (क) : ठोस पदार्थमा**

विशेषगरी ठोस तथा कार्बन युक्त बस्तुहरु जस्तै काठ ,कपडा ,कच्चा पदार्थ तथा विभिन्न किसिमका विष्फोटक पर्दाथ हरुमा भएको आगलागी । यस प्रकारका आगलागी पानी तथा पानी जन्य अग्नी सामक यन्त्र बाट निभाईन्छ ।

**वर्ग (ख) : रसायनिक (तरल)**

रसायनिक तरल पदार्थहरुमा लाग्ने आगो तथा त्यस्ता ठोस पदार्थहरु जुन तापबाट तरल अवस्थामा परिणत हुन्छन् जस्तै तेल ,डिजेल,पेट्रोल,मट्रितेल,पेन्ट,चारकोल, मैनबत्ती तथा विभिन्न पलास्टिक बाट बनेका फमहरु आदिमा भएको आगलागी ।

**वर्ग (ग) : ग्याँस**

साधारणतया ग्यास मा लाग्ने आगलागी तर त्यस्ता तरल पदार्थहरु जुन ताप पाएपछि ग्याँसमा परिणत हुन्छन्, जस्तै प्राकृतिक ग्यासहरु,एल.पि.जि.ग्यास, गोबर ग्यास ,मिथेन न्युट्रोन,प्रोपेन,ईत्यादि त्यस्था वस्तुहरुमा लागेको आगलागी डि.सि.पि.वा ऋइद्द अग्नी सामक यन्त्र बाट निवारण गरीन्छ ।

**वर्ग (घ) : फलाम जन्य**

विशेष गरी फलाम वा फलाम जन्य बस्तु हरुमा लागेको आगलागी (धातुको आगलागी ) यस्ता आगलागी हरु मऋाए। वा अप्रत्यक्ष रुपमा पानीका छिटाहरु बर्साई चिसाएर निभाउन सकिन्छ ।

**वर्ग (ङ) : विद्युत जन्य**

विद्युतमा लागेको आगलागीहरु ,यो आफैमा कुनै प्रकारको फायर होईन तर यो आगोको कारक तत्व वा श्रोत हो यसको निवारण मऋाए। वा विधुतिय प्रवाह बन्द गरेर गर्न सकिन्छ ।

## आगलागीका कारणहरु

- मैन बत्ति बालेर निभाउन बिर्सिएमा ।
- चुरोटका ठुटाहरु जथाभाबि फालेमा ।
- असाबधानिक पूर्बक ज्वलनसिल पदार्थ चलाउंदा ।
- बच्चाहरुलाई आगो जन्य बस्तुहरुसित खेल्न दिएमा ।
- ईन्धन भर्दा विधुतिय स्वीचहरु बन्द नगर्दा ।
  - ग्याँस प्रयोग गर्दा पर्याप्त साबधानी नअपनाउंदा ।
  - विष्फोटक पदार्थको नजिक आगोको प्रयोग गर्दा ।
  - विद्युतिय सामग्री जथाभावी चलाउंदा ।

**आगो निभाउन प्रयोग गरिने साधनहरु**


१. पानीको प्रयोग

२. अग्नी सामक यन्त्रको प्रयोग

३. फोमको प्रयोग

**अग्नीसामक यन्त्रको प्रयोग विधि**

- सेप्टीपिन थुत्ने
- नोजल ताक्ने
- लिभरलाई थिच्ने
- बढारे जसरी गर्ने



**आगो लाग्न सक्ने स्थानहरु र नियन्त्रणका उपायहरु**

१. घर
२. बस्ती
३. जंगल

# पाठ-४
# सडक दुर्घटना

नेपालमा प्रायः जसो दैनिक रुपमा सडक दूर्घटनाहरु भइरहेको र जसको कारण ठूलो मात्रामा जनधनको क्षति समेत भइरहेको छ । विशेषतः सडक दूर्घटनाको मुख्य कारण चालकको लापरवाही, सडकहरुको खराब अवस्था तथा सवारी साधनको खराव अवस्था आदी कारणहरुले गर्दा दूर्घटनाहरु हुदै आईरहेका छन् । देशको भौगोलिक विकटताको कारण पहाडी ईलाकाहरुमा निर्माण भएका साँगुरो, घुम्ती तथा खराव सडक अवस्थाको कारणले गर्दा पनि दूर्घटनाहरु धेरै हुदै आइरहेका छन् ।

**सडक दूर्घटनाबाट बच्ने सुरक्षात्मक उपायहरु**

- ट्राफिक नियमको सदैव पालना गर्ने, ट्राफिक संकेतहरुको बारेमा ज्ञान राख्ने ।
- मोटर साईकल चलाउदा हेलमेटको प्रयोग गर्ने ।
- गाडिहरु चलाउदा सिट बेल्टको अनिवार्य रुपमा प्रयोग गर्ने ।
- उच्च गतिमा सवारी साधनहरु नचलाउने ।
- मदिरा सेवन गरी सवारी नचलाउने ।
- नियमित रुपमा सवारी साधनको चेकजाच गर्ने ।
- सडक बत्ति र ट्राफिक बत्तिको अवस्था हेरी सवारी चलाउने ।

# पाठ-५

# महामारी

समाजको कुनै एक क्षेत्रमा अचानक देखा परेको रोग छोटो समयमै फैलिएर अनपेक्षित रुपमा धेरै मानिस सङ्क्रमित हुने र मर्ने अवस्थालाई सामान्यतया महामारी भनिन्छ । जाडोको समयमा श्वासप्रश्वासजन्य रोग, वर्षायाममा बाढी तथा पहिरोपछि प्रदूषणमा हुने वृद्धिका कारण उत्पन्न हुने झाडापखाला, हैजा, म्यादेज्वरो, औलो, इन्सेफ्लाइटिस, कालाजार कमलपित्त, दादुरा, इन्फ्लुएन्जा, डेंगु ज्वरोजस्ता रोग महामारीको रूपमा फैलिन सक्ने हुन्छ ।

**न्यूनिकरणका उपायहरु**

(१) महामारीबाट सुरक्षित रहन त्यसको सम्भावना, कारण र प्रभावबारे प्रभावित हुनसक्ने समुदायलाई सचेत बनाउनु आवश्यक हुन्छ । यसबाट रोग फैलन र महामारीको रूप लिन नदिन समुदायले आफै सचेत र सजग भएर पहल गर्नसक्छ ।

(२) झाडापखाला, हैजा, म्यादेज्वरो जस्ता रोगहरु मुख्यतया सरसफाईको कमीका कारण फैलन्छन् । अतः यस्ता रोगको महामारी हुने सम्भावित स्थानमा जनचेतना कार्यक्रमसगै व्यक्तिगत, घरायसी, सामुदायिक र वातावरणीय सरसफाइ अभियान चलाउनु बढी प्रभावकारी हुन्छ ।

(३) धेरैजसो सरुवा रोग दूषित पानीको प्रयोगबाट महामारीको रूपमा फैलने गर्दछन् । अतः स्वच्छ खानेपानीको उचित व्यवस्थापन गर्ने हो भने पानीबाट फैलने रोगजन्य महामारीको अवस्था नआउनसक्छ ।

(४) सरुवा रोगको महामारी प्रायः व्यक्तिगत, घरेलु र मानव सिर्जित वातावरणीय अवस्थाका कारण फैलने हुँदा यसको रोकथाम र नियन्त्रण मानिसको ज्ञान, धारणा र व्यवहारको परिवर्तनबाट मात्र सम्भव हुन्छ ।

(५) महामारीको रुपमा फैलने सम्भावना रहेको रोग देखापरेमा तत्कालै सम्बन्धित सरकारी निकायमा खबर गर्ने ।

(६) रोगको स्रोत पहिचान गरी उपचार गर्न विशेषज्ञ र चिकित्सकको सहयोग लिने ।

# पाठ-६

# सर्प दंम्श (सर्पको टोकाई)

सर्पले टोक्ने कार्यलाई सर्प दंम्श भनिन्छ । सबै सर्पहरु विषालु हुदैनन् । विश्वमा जमिन र पानीमा पाइने गरी लगभग २००० प्रजातिका सर्पहरू अभिलिखित गरिएका छन्, जसमध्ये लगभग ३७५ प्रजाति विषालु रहेका छन् । नेपालमा सर्पका जम्मा ७७ प्रजाति एवं उपप्रजातिहरू अभिलेख गरिएका छन् । ७७ प्रजातिमा ५६ प्रजातिका सर्पहरू विषविहीन छन् भने २१ प्रजाति विषालु रहेका छन् ।

## सर्पको विष शरीरभित्र प्रवेश नगर्दाको विशेष चिन्ह तथा लक्षण

- चिन्तित व्यक्तिले बढी सास फेर्न सक्छ ।
- शरीरका भागहरुको पिन तथा सुई विकसित हुन्छ ।
- हात तथा खुट्टा कडा हुनु वा बाउँडिनु
- रिङटा लाग्नु ।
- सर्पले टोकेपछि वा टोकेको शङ्का लाग्दा केहीलाई एक किसिमको क्षोभ-आघात लाग्न सक्छ जसका कारण बेहोसी हुनसक्छ र मुटुको धुकधुकी धेरै कम भई बन्द हुनसक्छ ।
- केही व्यक्ति अति उत्तेजित-अशान्त तथा आतङ्कित हुन सक्छन् र निकै दोधारमा पार्नसक्ने लक्षणहरू विकसित हुन सक्छन् ।
- राम्रोसित नगरिएको प्राथमिक उपचारः साँघुरो गरी बाँध्नु वा टर्निक्वेटका कारणले दुखाउन सक्छ, सुन्निन सक्छ वा रगत जम्मा हुनसक्छ र हात, खुट्टा नचल्ने पनि हुनसक्छ ।
- फ्याङ अर्थात् दाँतको चिन्ह देखिनु ।
- विशेष वा केन्द्रित दुखाई गोमनको टोकाइमा र फैलिएको दुखाई वाइपरको टोकाइमा ।
- केन्द्रित रक्तस्राव अर्थात् टोकेको ठाउँबाट रगत आउनु ।
- कडापन ।
- ग्रन्थी (लिम्फनोड) बढ्नु ।
- खटिरा आउनु ।
- केन्द्रित सङ्क्रमण (त्यस ठाउँमा), घाउ बन्नु ।
- नेक्रोसिस ।

## अस्पताल लग्नु अगाडिको उपचार

- धेरै चिन्तित वा व्याकुल भएको पीडितलाई आश्वस्त पार्नुहोस् ।
- स्प्लिन्ट वा स्लिङद्वारा सर्पले टोकेको भागलाई अचल गर्नुहोस् ।
- गरगहना, औँठी, कस्सिएको लुगाकपडा आदि फुकाल्नुहोस् ।

**परम्परागत रूपमा प्रचलनमा रहेका निम्न प्राथमिक उपचार नगर्नु उचित हुन्छ**

- आफैँले ल्याएको/बनाएको काट्ने वा घोच्ने सरसामानको प्रयोग
- टोकेको ठाउँमा वा टोकेको हातगोडामा ट्याटु बनाउनु/खोपाउनु
- घाउबाट विष चुसेर निकाल्ने प्रयास गर्नु ।
- जैविक वा रासायनिक जन्य पदार्थहरूको प्रयोग ।
- आर्टेरीको कस्सिएको टर्निक्वेट (आर्टेरियल टर्निक्वेटको) प्रयोग

## सर्पको टोकाइबाट बच्न

- अग्लो घाँस र झाडीमा हिड्दा बाक्लो जुत्ता लगाउने ।
- सर्पले टोकेको खण्डमा घाउलाई काट्ने, घाउमाथी बरफ लगाउने र मुखबाट विष चुसेर निकाल्न नखोज्ने ।
- नजिकैको स्वास्थ्य चौकीमा पिडीतलाई लैजाने, स्वास्थ्य चौकी जान ढिलो भएमा घाउको २-४ इन्च माथी पट्टी लगाएर राख्ने ।
- घर वरिपरी घासपात, झाडी छ भने त्यसलाई सफा गर्ने र
- राती हिड्दा बत्ती बालेर मात्रै हिड्ने ।
- सकेसम्म घरको झ्याल-ढोकामा जाली राख्ने र सधै बन्द गर्ने ।
- सुत्नुभन्दा अगाडि विदछ्याउन तथा कोठा वरीपरी हेर्ने ।
- भूईमा भन्दा खाटमा तथा खटियामा सुत्ने गर्ने ।
- घरेलु उपचारको बारेमा जानकारी राख्नु साथै नजिककै स्वास्थ्य चौकीको बारेमा पुर्व जानकारी राखी राख्ने ।
- प्राथमिक उपचारका सामाग्रीहरु राख्नुको साथै प्राथमिक उपचारसम्बन्धी तालिम लिने ।

# पाठ - ७
# चट्याङ्ग

बादलका ढिक्काहरु एक आपसमा घर्षण भई उत्पन्न हुने शक्ति जसलाई पृथ्वीको गुरुत्वो आकर्षणले आफूतिर तान्दछ र अग्ला रुख र घरहरुमा पर्न गई मानविय तथा भौतिक क्षति हुन्छ ।

चट्याङ्गबाट बच्ने उपायहरु ;

- घरभित्र सुरक्षित भएर बस्ने ।
- घरभित्र विद्युतीय उपकरणहरु जस्तै फोन, टि. भि. रेडियो प्रयोग नगर्ने ।
- अग्लो रुखको तल नबस्ने ।
- पानीबाट टाढा रहने ।
- फलामका पोल र तारहरुबाट टाढा रहने ।
- सवारी साधन नचलाउने ।
- खुला जमिनमा नसुत्ने ।
- गुफा वा ओडारमा नबस्ने ।

# परिच्छेद-२
# संवैधानिक एवं कानुनी व्यवस्था

नेपालमा बारम्बार गइरहने बाढी, अप्रत्याशित भूकम्प र बाढी/पहिरो, आगलागी, महामारी जस्ता प्रकोपको धेरै खतरा हुनाले नेपाललाई दक्षिण एशियाकै सबैभन्दा धेरै विपद् प्रभावित देश भनेर चिनिन्छ । यस्ता विपद्हरुले जनजीवनमा ठूलो क्षति पुर्‍याउने हुनाले यसको न्यूनीकरण र जोखिम कम गर्न नेपालमा सम्वैधानिक एवं कानुनी व्यवस्था समेत गरिएको छ । यस खालको कानुनी व्यवस्थाले विपद्को जोखिम, न्यूनीकरण, र व्यवस्थापनको सवालमा देखिएका समस्यालाइ सम्बोधन गर्न मद्दत गर्दछ ।

प्रकोपहरूलाई नियन्त्रण गर्न प्राकृतिक प्रकोप ऐन, २०३९ ले प्रमुख भूमिका निर्वाह गरेको थियो । तथापि, यस ऐनमा विपद्को न्यूनीकरण तथा जोखिम व्यवस्थापन जस्ता ध्यान दिनुपर्ने मुख्य पक्षहरूलाई समेटिएको थिएन । यस पृष्ठभूमिमा देशमा एउटा नयाँ विपद् व्यवस्थापन ऐनको आवश्यकता देखियो जुन ऐनमा विपद् चक्र व्यवस्थापनका साथै नेपालमा आइपर्ने विविध किसिमका विपद्को बारेमा पनि उल्लेख गरिनु जरुरी थियो । फलस्वरुप  २०३९ सालको प्राकृतिक प्रकोप ऐनलाई विस्थापित गर्दै २०७४ सालमा "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन" प्रारम्भ भएको छ। । यस ऐनले प्राकृतिक मात्र नभई गैर-प्राकृतिक विपद्बाट सर्वसाधारणको ज्यान, सार्वजनिक, नीजि तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा मुय ध्यानकेन्द्रित गरेको छ ।

प्राकृतिक प्रकोप ऐनले विपद्को परिभाषा दिँदै विपद् अर्थात प्राकृतिक प्रकोपलाई व्यवस्थापन गर्ने जमर्को समेत गरेको छ । ऐनको दफा २ (ठ) मा विपद् भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक घटनालाई जनाउँछ भनेर उल्लेख गरेको छ । यस ऐनले प्राकृतिक तथा गैर-प्राकृतिक दुवै प्रकोपलाई  विपद् भनेर सम्बोधन गरेको छ ।

## संवैधानिक व्यवस्था

नेपालको संविघान २०७२ को भाग ४ को धारा ५१(छ)(९) मा "प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुर्नस्थापना गर्ने" उल्लेख गरिएको छ ।

## कानुनी व्यवस्था

### विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

२०७२ सालमा नेपालले एउटा ठूलो विनाशकारी भूकम्पको सामना गरेको थियो । त्यस भूकम्पमा निकै ठूलो संख्यामा मानव जनजिवन तथा धन सम्पत्तीको क्षति भयो । भूकम्पपछि नेपाल सरकारले त्यसको जोखिमलाई मध्यनजर राख्दै विपद् जोखिम व्यवस्थापनका कार्यहरूलाई प्राथमिकता दिन

थाल्यो र सो दिशामा महत्वपूर्ण कदम चाल्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को प्रारम्भ भयो । यस ऐनले प्रदेश र जिल्ला विपद् व्यवस्थापन समितिको स्थापना गरी सो समितिहरूको कार्य, कर्ततव्य र अधिकारको व्यवस्था गरेको छ ।

**ऐनले समेटेका मुलभूत विषयहरू:**

- विपद् व्यवस्थापनका सम्बन्धमा सङ्घ, प्रदेश, जिल्ला तथा स्थानीय तहको संस्थागत क्षमता विकास गराउने
- विद्यालयतहदेखि उच्चस्तरसम्मको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापनका सम्बन्धी विषय समावेश गराउने ।
- विपद्को जोखिममा रहेका महिला, बालबालकिा, जेष्ठ नागरिक, दलित, सीमान्तकृतवर्ग तथा समुदाय, असक्त तथा अपाङ्गता भएका व्यक्तिहरूकालागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गरायने ।
- विपद् प्रभावितलाई तत्काल राहत उपलब्ध गराउने ।
- विपद्को समयमा आम सञ्चार माध्यमको भूमिकासम्बन्धि आवश्यक मापदण्ड तोकेर कार्यान्वयन गराउने ।
- विपद्बाट प्रभावित व्यक्तिका लागि मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने ।
- प्रदेश तथा स्थानीयतहलाई विपद् व्यवस्थापन सम्बन्धी आवधिक योजना निर्माण गर्न आवश्यकता अनुसार आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।
- विपद् व्यवस्थापन सम्बन्धि कार्यमा गैरसरकारी संस्था, निजि क्षेत्र तथा स्थानिय समुदाय लाई संलग्न गराउने ।
- विपद् व्यवस्थापनको क्षेत्रमा अन्तर्राष्ट्रिय, द्विपक्षीय एवम् बहुपक्षीय सहायताको एकीकृत अभिलेख राख्ने ।
- विपद् प्रभावित क्षेत्रका नागरिकहरूलाई अस्थायी पुनर्स्थापना तथा सिकाई केन्द्रको निर्माणमा स्थायी समुदाय एवम् स्वयनसेवक परिचालन गराउने ।
- राहत सामग्रीको व्यवस्थापनका लागि मापदण्ड बनाई लागुगर्ने ।
- विपद् प्रभावित क्षेत्रमा पिउने पानी, लत्ताकपडा, खाद्यान्न तथा औषधी उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध गर्ने ।
- विपद्को जोखिम रहेका वा विपद् प्रभावित क्षेत्रमा रहेका असुसक्षित भवनहरू भत्काउन लगाउने ।
- उद्धार तथा राहत कार्यको प्रगतिविवरण प्राधिकरणमा पठाउने ।
- विपद्मापरी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकीन, तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने ।
- विपद्बाट प्रभावित धरपरिवारको पहिचान, स्तरनिर्धारण, तथा चरिचयपत्र वितरण गराउने ।

**दण्ड सजायको व्यवस्था**

- कसैले विपद्को घटना घट्न सक्ने गरी लापरवाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा त्यस्ता व्यक्तिलाई कसुरको मात्रा अनुसार पाँच लाख रुपैँयासम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।
- कसैले देहाय बमोजिमको कुनै कार्य गरेमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा अनुसार एक लाख रुपैँयासम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ;
  - कुनै विपद्को घटना घट्न सक्ने अफवाह फैलाई सार्वजनिक रुपमा त्रास सृजना गरेमा ।
  - अनुमति लिई वा नलिई विपदका नाममा चन्दा, राहत वा सहयोग सङ्कलन गरेमा, आफूखुशी वितरण गरेमा वा व्यक्तिगत लाभमा प्रयोग गरेमा ।
  - विपदको समयमा अप्राकृतिक रुपमा बजार मूल्य वृद्धि गरेमा वा कृत्रिम अभाव सिर्जना गरेमा वा गुणस्तरहीन वस्तु तथा सेवाको कारोबार गरेमा ।
- उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनी सो उपदका बमोजिमको कसुर गरेकमे कारण कसैको ज्यान गएमा, अङ्गभङ्ग भएमा वा चोटपटक लागेमा त्यस्ता कार्य गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ ।
- राहत सामग्री वितरणमा अवरोध गरेमा वा राहत सामग्रीको दुरूपयोग गरेमा यस ऐन बमोजिम कसुर ठहरिने छ र पचास हजारसम्म जरिवाना हुनेछ ।
- यसैगरी दफा २१ ले विभिन्न निकायले विपद् व्यवस्थापनका लागि गर्नुपर्ने सहयोगको बारेमा व्यवस्था गरेको छ भने दफा ३९ ले राहत सामग्रीको लागि न्युनतम् मापदण्ड तोक्ने व्यवस्था गरेको छ ।

**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र प्राकृतिक प्रकोप ऐन, २०३९**

प्राकृतिक प्रकोप ऐन, २०३९ ले मुख्यतः प्राकृतिक प्रकोपका पीडितहरूका लागि राहत वितरणको व्यवस्थनपनमा ध्यान पुऱ्याएको छ । यस ऐनले राहत वितरणका कार्यगर्न र यस्ता कार्यहरू संचालन गर्नका लागि कार्यसमितिहरूको स्थापनाको क्षेत्रमा ध्यानाकण गरेको छ । तर यसलाई २०७४ को नयाँ विपद् व्यवस्थापन ऐनसँग तुलनागर्दा प्राकृतिक प्रकोप ऐनले राहत वितणमा यतिधैरै ध्यानदिएको भएतापनि सो ऐनले राहतमा दिइने सामग्रीको गुणस्तर तोकेको थिएन जसकाकारण २०७२ को भूकम्प र तराईमा गएको बाढी तथा कालिकोटमा परेको भोकमरी वितरण भएको सामग्रीहरूमा निकै धेरै मात्रामा अखाद्य बस्तु भेटियो । पीडितहरूलाई उद्धारका निम्ति दिइएको राहत सामग्रीले झनै धेरै विपद्को श्रृजना भएको देखियो । यस समस्यालाई ध्यानमा राखी विपद् व्यवस्थापन ऐनले दफा १४(घ)मा राहत सामग्रीको व्यवस्थापनका लागि मापदण्ड बनाई लागु गर्ने, गराउनेका साथै दफा ३९ ले राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्था गरेको छ।

यसरी दुवै ऐनलाई तुलना गर्दा विपद् व्यवस्थापन ऐनले गैरप्राकृतिक विपद्लाई समावेश गर्दै प्राकृतिक प्रकोप ऐनले भन्दा ठूलो कार्यक्षेत्र समेटेको छ ।

**कार्यान्वयन पक्षहरू:**

- विपद् व्यवस्थापनका लागि एक प्राधिकरणको स्थापना महत्वपूर्ण छ । यस ऐनको दफा १० मा विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापको प्रभावकारीरूपमा सञ्चालन तथा व्यवस्थापन गर्नको लागि मन्त्रालय अन्तर्गत एक राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको व्यवस्था गरिएको छ । तथापि यस्ता प्राधिकरणहरू हालको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जस्तो राजनैतिक र कर्मचारीतन्त्रबाट प्रभावित हुँनुहुदैन ।
- विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतहरूबाट आएको कोष पारदर्शिताको विषय हुनुपर्दछ ।
- यस्ता कोषहरूको उपयोग विपद् व्यवस्थापनका लागि मात्र हुनुपर्दछ ।
- पीडितको उजुरी सुनेर त्यस्लाई सम्बोधन गर्न एउटा छुट्टै निकायको स्थापना गर्नुपर्दछ । यसले विपद्मा परेका पीडितहरूको अनुभवको आधारमा उनीहरूलाई चाहिएअनुसारको उद्धार तथा मद्दतको सुनिश्चित गर्दछ ।
- विभिन्न प्रकारका विपद्हरूले पार्ने असर, हानी र क्षतीलाई आधार बनाई विपद्को वर्गीकरण गर्नु पर्दछ । यस्ले राहत वितरण कार्यका साथै राष्ट्रिय र प्रदेश स्तरका समितिहरूको कार्य सञ्चालनमा मद्दत गर्दछ ।
- विपद्को व्यवस्थापन र सञ्चालनमा सरकारी र गैरसरकारीक्षेत्रको व्यापक समन्व र सहकार्यको व्यवस्थापन गर्नु जरुरी छ ।

# जोखिम न्यूनीकरणका लागि अब गरिनुपर्ने कार्यहरु

- स्थानीय स्तरमै तत्काल राहत तथा उद्धार टोली गठन गरी उनीहरुलाई सबै सीपहरुले पूर्ण बनाउँदै लगिनुको साथै आवश्यक स्रोत र साधनको व्यवस्था गरिनुपर्ने,
- स्थानीय स्तरमा भएका स्रोत र साधनलाई परिचालित गरिनुपर्ने र स्थानीय व्यक्तिहरुलाई प्रवलीकरण गर्दै लैजान सकिएको खण्डमा धेरै हदसम्म जोखिम न्यूनीकरण हुन सक्ने विषय ध्यान केन्द्रित हुनुपर्ने,
- पूर्वतयारी भनेको के हो, पूर्वतयारीमा के-के कुरा पर्दछन्, पूर्वतयारी गर्दा के फाइदा हुन्छ, विपद्को बेलामा खाद्यको व्यवस्था कसरी र कहाँबाट गर्ने, उद्धारकर्मी को हुन सक्छन् र उनीहरुलाई कसरी खबर गर्ने, उद्धारका लागि दक्ष जनशक्ति कसरी जुटाउने, दक्ष जनशक्ति भनेको के हो र औषधि तथा एम्बुलेन्सको लागि कहाँ खबर गर्ने भन्ने लगायत महत्वपूर्ण विषयमा जानकारी दिइनुपर्ने,
- राजनीतिक दल, नागरिक समाज, गैर-सरकारी संघसंस्था, समुदायको सहयोग पीडितमूखी हुनुपर्ने,
- अवस्था र परिस्थिति अनुसार विपद्बाट उत्पन्न जोखिम न्यूनीकरण गर्ने विद्यमान तौरतरिका र सिकाईमा परिवर्तन गर्दै लैजानुपर्ने,
- भवन निर्माण गर्दा मापदण्ड मुताविक निर्माण गर्नुपर्ने र सकेसम्म खुल्ला स्थानको समेत व्यवस्था गर्नुपर्ने,
- विशेषगरी नेपाल धेरै प्रकोपको जोखिम (भूकम्प, बाडी पहिरो, आगजनी, ठूला महामारी) मा रहेका कारण र नेपालको भौगोलक अवस्था विकट तथा कतिपय स्थानमा कुनै पनि सवारी साधन पुऱ्याउन गारो हुने भएकाले समेत यस्ता स्थानहरुमा हेलीप्याडको व्यवस्था गर्नुका साथै तयारी अवस्थामा हेलीकोप्टरको व्यवस्था गरिनुपर्ने, आवश्यक  मेसिन, औजार तथा दक्ष जनशक्तिको उचित व्यवस्था गरिनुपर्ने,
- सडक बाटो तथा हवाई सुविधा समेत हुन नसकेको स्थानमा स्थानीय स्तरमै भएका स्रोत र साधनलाई परिचालन गर्ने लक्ष्य लिई स्रोत र साधनको उचित परिचालन गर्न तयारी अवस्था राखी स्थानीय स्तरमै दक्ष जनशक्तिको उत्पादन गर्दै लैजानु पर्ने,

- विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरणसम्बन्धी जानकारी सहितको पाठ्यक्रमको विकास गरी विद्यालयमा अध्यापन गराउनुपर्ने,
- राज्यले विगतबाट धेरै कुरा सिकी पुनः भैपरी आउन सक्ने खतरालाई ध्यानमा राखी समन्वय, संयोजन र संचारलाई सुदृढ बनाउनुपर्ने,
- ठाउँ-ठाउँमा विपद् संकेत आकस्मिक सूचना प्रदान गर्ने मेसिनहरुको जडान गर्नुपर्ने,
- विपद्को बेला हुने कालो बजारी नियन्त्रणका लागि समुदायलाई सशक्त बनाउँदै लैजाउनुपर्ने
- वैज्ञानिक ढंगले सुरक्षित स्थानमा वस्ती विकास गर्दै लैजानुपर्ने,
- आवश्यकता अनुसार विपद् व्यवस्थापनसम्बन्धी नीति नियमहरुलाई परिवर्तन र सुधार गरी पीडितमैत्री बनाउँदै लैजानुपर्ने,
- आकस्मिक नेतृत्वको विकास तथा वैकल्पिक उर्जाको विकास गर्दै लैजानु पर्ने ।
- विपद्को बेला सरसफाई र शुद्ध खानेपानीको अभावले ठूला-ठूला महामारी रोगहरु फैलने हुनाले त्यस्ता विपद्को बेला शुद्ध खाने पानी तथा सरसफाईको उचित प्रबन्ध गर्न विशेष अभियान संचानल गरी आवश्यक स्रोत र साधनको पूर्वतयारी गरिनुपर्ने,
- विपद्का बेला सबैभन्दा महत्वपूर्ण विषय संचार भएको हुँदा संचारका माध्यमहरुलाई जस्तो सुकै विपद्मा पनि कामयावी बनाइराख्न उचित व्यवस्था अविलम्ब थालनी गर्नुपर्ने ।

***